राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३३६ | २०८३ भाद्र २ गते मंगलवार | (Tuesday, 18 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## सत्ताकै जोडघटाउमा अल्झिएको मधेश प्रदेशसभा

# खर्चमा फुर्ती, कानुन निर्माणमा अल्छी

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, भाद्र १ गते ।*




जनताका समस्या र प्रदेशका आवश्यकतामाथि कानुन बनाउने जिम्मेवारी पाएको मधेस प्रदेशसभा आफैँ भने एक वर्षदेखि सत्ताको जोडघटाउमा अल्झिएको देखिएको छ । यसको प्रत्यक्ष असर प्रदेशसभाको कानुन निर्माणमा परेको छ ।

गत आर्थिक वर्षमा प्रदेशसभाले ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च गऱ्यो । तर, वर्षभरिमा पारित कानुनको संख्या भने जम्मा ६ मात्रै रह्यो । तीमध्ये तीनवटा बजेटसँग सम्बन्धित थिए भने तीनवटा अन्य विषयका कानुन थिए ।

प्रदेशसभाको कामको गति हेर्दा खर्च र उपलब्धिबीच ठूलो अन्तर देखिन्छ । ४६ करोड २३ लाख ८४ हजार रुपैयाँ बजेट पाएको प्रदेशसभाले करिब ६५ प्रतिशत खर्च गर्दा एक वर्षमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने तीनवटा गैरबजेट कानुन मात्रै निर्माण गरेको हो ।

प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष 'प्रदेश विकास खेलकुद विधेयक', 'बालिका संरक्षण विधेयक' र 'प्रदेश बाल अधिकार ऐन पहिलो संशोधन विधेयक' पारित भए । यी तीनवटै विधेयक २०८२ साउनमै प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर कार्यान्वयनमा आइसकेका छन् । बजेटसँग सम्बन्धित तीन विधेयक भने आर्थिक वर्षको अन्तिम अर्थात् असार मसान्तमा पारित भएका थिए । त्यसपछि प्रदेशसभाको विधायिकी यात्रा फेरि सुस्त भयो ।

मधेस प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको चार वर्ष पुगिसक्दा पनि कानुन निर्माणको अवस्था उत्साहजनक छैन । अहिलेसम्म १७ वटा विधेयक र एउटा नियमावली मात्रै पारित भएका छन् । पहिलो कार्यकालमा भने ६६ वटा कानुन बनेका थिए ।

प्रदेशसभा सचिवालयका उपसचिव एवं सूचना अधिकारी सुरेन्द्र महतोका अनुसार गत आर्थिक वर्षमा हिउँदे र बजेट अधिवेशन गरी ३७ वटा बैठक बसेका थिए । उनका अनुसार साउनमा तीनवटा विधेयक पारित भएपछि त्यसको १०/११ महिनापछि मात्रै बजेटसँग सम्बन्धित तीन विधेयक पारित भएका हुन् ।

प्रदेशसभामा दर्ता भएका केही विधेयक समितिगत छलफलपछि फिर्ता भएका छन् । 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७५' संशोधन गर्न बनेको विधेयक तथा 'गाउँसभा, नगरसभा, जिल्लासभाको कार्यसञ्चालन कार्यविधि ऐन २०७७' संशोधन गर्न बनेको विधेयक विभिन्न समितिमा छलफलपछि फिर्ता भएका थिए ।

अर्कोतर्फ 'प्रदेश बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१', 'प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'मधेस अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभामा दर्ता भएर छलफलको क्रममा छन् ।

'प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा बनेको विधेयक' र 'मधेस प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' दर्ता भए पनि अझै टेबल हुन बाँकी छन् ।

सूचना अधिकारी महतोका अनुसार चालु बजेट अधिवेशन अन्त्य नभएकाले दर्ता भएका विधेयकमाथि थप छलफलको सम्भावना छ ।

> मधेस प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको चार वर्ष पुगिसक्दा पनि कानुन निर्माणको अवस्था उत्साहजनक छैन । अहिलेसम्म १७ वटा विधेयक र एउटा नियमावली मात्रै पारित भएका छन् । पहिलो कार्यकालमा भने ६६ वटा कानुन बनेका थिए ।

**एक वर्षमा चारपटक सत्ता फेरबदल**

प्रदेशसभाको काम प्रभावित हुनुमा पछिल्लो एक वर्षको राजनीतिक अस्थिरतालाई प्रदेशसभा सदस्यहरूले मुख्य कारण मानेका छन् । एक वर्षको अवधिमा मधेसमा चारपटक सत्ता परिवर्तनको खेल भयो ।

गत भदौ २३ र २४ को आन्दोलनपछि जनमत पार्टीका मुख्यमन्त्री सतीश सिंहलाई पार्टीले फिर्ता बोलाएपछि उनले असोज १० गते राजीनामा दिए । त्यसपछि असोज ११ गते लोसपाका जितेन्द्रप्रसाद सोनल मुख्यमन्त्री बने । विश्वासको मत लिन नसकेपछि उनको सरकार एक महिना नपुग्दै ढल्यो ।

त्यसपछि कात्तिक ११ गते एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने । उनलाई बर्दिबासको एक होटलमा शपथ गराइएको विषयसमेत विवादित बनेको थियो । समर्थन जुटाउन नसकेपछि यादवले पनि राजीनामा दिए । त्यसपछि असोज १९ गते सात दलीय गठबन्धनबाट कांग्रेस नेता कृष्णप्रसाद यादवको नेतृत्वमा सरकार बन्यो । गठबन्धन फेरबदल भए पनि अहिले कांग्रेस, एमाले र नेकपाको समर्थनमा सरकार चलिरहेको छ ।

प्रदेशसभाकी उपसभामुख बबिताकुमारी राउत ईशरले सत्ता परिवर्तन र जेनजी आन्दोलनका कारण अपेक्षित काम गर्न नसकेको बताइन् । 'सत्ताको परिवर्तन र फेरबदलले गर्दा राम्रोसँग काम गर्न सकेनौं । यो नभइदिएको भए प्रदेशसभाले राम्रो काम गर्न सक्थ्यो,' उनले भनिन् ।

जनमत पार्टीका प्रदेशसभा सदस्य चन्दन सिंहले सरकारकै कारण प्रदेशसभाले पर्याप्त 'बिजनेस' नपाएको आरोप लगाए । 'सरकार आफैं कानुन निर्माण गर्न चाहँदैन भने कसरी विधेयक र कानुनहरू निर्माण हुन्छन् ?' उनले भने, 'सरकार मात्रै

- बाँकी पृष्ठ ३ मा

## औरहीमा चापाकल खरिदमा भ्रष्टाचार

### अख्तियारद्वारा ११ जनाविरुद्ध मुद्दा दायर

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र १ गते ।*

महोत्तरीको औरही नगरपालिकामा चापाकल खरिद तथा वितरणमा व्यापक अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ११ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०७९/०८० मा भएको खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत काम गरेको भन्दै आयोगले नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, लेखापाललगायत कर्मचारी र आपूर्तिकर्ताहरूलाई विपक्षी बनाएर आरोपपत्र दायर गरेको हो ।

आरोपितहरूले आपसमा मिलेमतो गरी गैरकानुनी लाभ लिने उद्देश्यले मालसामानको दररेटमा १५ प्रतिशत थप गरी लागत अनुमान स्वीकृत गराएको अख्तियारको ठहर छ । 'प्रतिस्पर्धालाई जानीबुझी सीमित गर्न उनीहरूले एउटै सामानको खरिदलाई विभिन्न विधि प्रयोग गरी पटक-पटक टुक्र्याएको,' आयोगको विज्ञप्तिमा भनिएको छ, 'आपूर्तिकर्तासँगको मिलेमतोमा बोलपत्रमार्फत खरिद गर्नुपर्ने कार्य सिलबन्दी दरभाउपत्र र सोझै खरिद गरी सरकारलाई हानीनोक्सानी पुऱ्याएको देखियो ।'

यसका साथै खरिद गरिएका चापाकललगायतका सामानको दोहोरो भरपाई तयार गरिएको र वितरण गरिएको भनिएका सामान बुझिएको विश्वसनीय प्रमाणसमेत पेस गर्न नसकेको आयोगले जनाएको छ । नियमविपरीत खरिद कार्य गराएको र अख्तियारकै निर्देशनलाई समेत बेवास्ता गरी भुक्तानी दिएको पाइएपछि उनीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारवाहीको मागदाबी गरिएको छ ।

आयोगले नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत निलाम्बर मिश्र मैथली, तत्कालीन लेखापाल विजय कुमार यादव र तत्कालीन योजना शाखा प्रमुख गंगाराम यादवविरुद्ध जनही ३६ लाख १३

- बाँकी पृष्ठ ३ मा

## साक्षर समाज–सक्षम राष्ट्र

**अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।**

**शिक्षा :**

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाको लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# सहमति कार्यान्वयनबाटै सरकारप्रति भरोसा

सरकार र लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान-मजदुर आन्दोलनबीच भएको सातबुँदे सहमति पीडितका लागि आशाको किरण बनेको छ । लामो समयदेखि लघुवित्तको ऋण, चर्को ब्याज, मानसिक दबाब र वित्तीय शोषणबाट पीडित नागरिकले न्याय र राहतको माग गर्दै आन्दोलन गर्दै आएका थिए । अन्ततः सरकार उनीहरूका माग सम्बोधन गर्न सहमत हुनु सकारात्मक कदम हो । तर सहमति गर्नु मात्र समस्याको समाधान होइन । विगतमा पनि आन्दोलनरत पक्षसँग सहमति गर्ने, प्रतिबद्धता जनाउने र त्यसपछि कार्यान्वयनमा उदासीन हुने प्रवृत्तिले सरकारप्रतिको जनविश्वास कमजोर बनाएको छ । यसपटक त्यस्तो अवस्था दोहोरिनु हुँदैन । सातबुँदे सहमति आन्दोलन स्थगन गराउने रणनीति मात्र नभई पीडितको जीवनमा वास्तविक परिवर्तन ल्याउने कार्ययोजना बन्नुपर्छ ।

विशेषगरी लघुवित्त पीडितका समस्या समाधानका लागि सहमतिमा उल्लेख गरिएका विषयलाई स्पष्ट समयसीमा, जिम्मेवार निकाय र प्रभावकारी अनुगमनसहित शतप्रतिशत कार्यान्वयन गर्नुपर्छ । पीडितको वास्तविक अवस्था पहिचान गरी अनुचित ऋण तथा ब्याजको समस्या समाधान, जबर्जस्ती असुली रोकथाम र न्यायोचित वित्तीय व्यवस्थापन सुनिश्चित गरिनुपर्छ । सहमति कार्यान्वयनको प्रगति सार्वजनिक गरेर सरकार जवाफदेही बन्ने संस्कार पनि विकास गर्न आवश्यक छ ।

लघुवित्त पीडित केवल केही हजार ऋणीको विषय होइनह यो देशको वित्तीय सुशासन, सामाजिक न्याय र राज्यप्रतिको नागरिक विश्वाससँग जोडिएको प्रश्न हो । त्यसैले सरकारले सहमतिलाई कागजमा सीमित नराखी व्यवहारमा उतार्नुपर्छ । सातबुँदे सहमतिको शतप्रतिशत कार्यान्वयन नै पीडितलाई न्याय दिने र आमजनतामा सरकारप्रति विश्वास तथा भरोसा जगाउने सबैभन्दा बलियो आधार बन्न सक्छ ।

## राशिफल

मेष - उपयोगले लक्ष्य प्राप्त हुनेछ ।
वृष - शुभचिन्तकहरूले साथ दिनेछन् ।
मिथुन - दुविधाले निर्णायक मोड लिनेछ ।
कर्कट - आम्दानीका स्रोत बढ्नेछन् ।
सिंह - कलाको प्रभाव बढ्नेछ ।
कन्या - काम बिग्रन सक्छ ।
तुला - समस्या पर्न सक्छ ।
वृश्चिक - लक्ष्य प्राप्त हुनेछ ।
धनु - उत्साह जगाउनेछ ।
मकर - काम सम्पादन हुनेछन् ।
कुम्भ - नयाँ आशा जगाउनेछ ।
मिन - बन्धन कसिलो हुनेछ ।

# कृषि शिक्षाको सात दशक : कहाँ पुग्यौं, कहाँ चुक्यौं ?

डा. रमा पौडेल

*विचार*




स्थापनाकालदेखि नै कृषि विज्ञानलाई जीवन र ग्रामीण विकासका लागि प्रयोग गर्ने गरी मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको कृषि शिक्षाको हालको अवस्थाबारे गम्भीर विचार-विमर्श गर्नु जरूरी छ ।

जगदम्बा भवन, पुल्चोक, ललितपुरबाट २०३० सालमा चितवनको रामपुरमा केही कर्मचारी, करिब २०० जना विद्यार्थी र कार्यालयका सामान ट्रकमा लादेर ९ देखि १२ घण्टाको यात्रा तय गर्दै त्रिभुवन राजपथबाट हेटौंडा हुँदै भरतपुर र त्यसपछि कच्ची बाटोबाट, कतिपय अवस्थामा यातायातका लागि हात्तीको समेत प्रयोग गरी करिब १० किलोमिटर पश्चिम रामपुरसम्म पुगेर कृषि शिक्षा स्थानान्तरण भएको थियो । त्यसयता कृषि शिक्षाले झन्डै सात दशकको यात्रामा निकै आरोह-अवरोह पार गरेको छ ।

अन्तर्राष्ट्रिय सहयोग र तत्कालीन श्री ५ को सरकारको प्रतिबद्धतामा पञ्चायत प्रशिक्षण केन्द्रका भवनहरूलाई परिष्कृत गर्दै आधुनिक छात्रावास, कक्षाकोठा, प्रयोगशाला भवन र अन्तर्राष्ट्रियस्तरका पुस्तक तथा अनुसन्धान ग्रन्थहरू समेटिएको भव्य केन्द्रीय पुस्तकालय स्थापना गरी कृषि शिक्षाको विकास भएको ऐतिहासिक आलोकको बोध नगरी कृषि शिक्षा र त्रिभुवन विश्वविद्यालयसँग लालपुर्जा रहेको तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गरेका रामपुर, चितवनका संरचनाहरू भित्रको मर्मलाई आत्मसात् गर्न सकिंदैन ।

कृषि शिक्षामा रूपान्तरणका लागि तत्कालीन श्री ५ को सरकारले नेपालको कृषिमा उच्च शिक्षा स्थापनाका लागि अमेरिकी सहयोग नियोगसँग अनुरोध गरेको र कलेज अफ एग्रिकल्चर (युनिभर्सिटी अफ इलिनोइस) का प्राध्यापकहरूले कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको स्थापना गर्नका लागि वि.सं. २०२७ सालमा नै 'प्रि-फिजिबिलिटी स्टडी' गरेको पाइन्छ। नेपालमा कृषि शिक्षाको विकास र यसको ऐतिहासिक आयामलाई हेर्दा अमेरिकी सहायतामा २०३२ सालमा शुरु भई २०४१ सम्म चलेको मिड वेस्ट कन्सोर्टियम फर इन्टरनेसनल एक्टिभिटिज (मुसिया) परियोजनाको भूमिका महत्त्वपूर्ण छ ।

५.३ मिलियन डलरको नेपाल सरकार र अमेरिकी सहायता नियोग (युएसएआईडी) को उक्त परियोजनाले नेपालमा कृषि क्षेत्रको विकासका लागि चाहिने दक्ष जनशक्ति उत्पादन गर्न सहजीकरण गरेको थियो । नौ वर्षको अवधिमा १४ जना लामो समयका लागि र २९ जना छोटो समयका लागि खटिएका विज्ञहरूले कार्यक्रम तर्जुमा, पाठ्यक्रम विकास, विश्वविद्यालयको पुस्तकालय विकास तथा योजनाको निर्माणमा योगदान गरेका थिए । उनीहरूले यहाँका शिक्षक तथा कर्मचारीलाई प्रशिक्षित गर्ने काम समेत गरेका थिए। परियोजना अवधिभर ३८ जना प्राध्यापकले विदेशमा स्नातकोत्तर र विद्यावारिधिको उपाधि लिएको देखिन्छ । त्यसमध्ये धेरैजसोले संयुक्त राज्य अमेरिकाबाट र आठ जनाले फिलिपिन्सबाट उपाधि लिएका थिए ।

यो ऐतिहासिक तथ्यले के देखाउँछ भने नेपालको कृषि क्षेत्रका लागि जनशक्ति उत्पादन गर्न शिक्षामा पर्याप्त लगानी भएको थियो । सरकारीस्तरमा आवश्यक पर्ने अधिकांश जनशक्ति २०२९ सालमा स्थापना भएको र त्रिभुवन विश्वविद्यालय अन्तर्गत 'मुसिया' परियोजनाको सहयोगमा सबलीकरण भएको कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले नै तयार गरेको हो ।

२०६७ सालमा नेपालको कृषि क्षेत्रलाई रूपान्तरण गर्ने उद्देश्यका साथ कृषि तथा वन विज्ञान विश्वविद्यालयको ऐन पारित भएपछि नेपालको कृषि शिक्षाले अग्रगामी छलाङ मार्दै अर्को तहमा प्रवेश गर्ने अपेक्षा गरिएको थियो। तर १५ वर्षसम्म पनि त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयको जग्गा सम्बन्धी विवादमै कृषि शिक्षाको गति अल्झिएको छ ।

कृषि शिक्षाको नीतिगत पाटोलाई हेर्ने हो भने कृषि क्षेत्रको ऐतिहासिक आयाम बोकेको त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रामपुर क्याम्पस आफ्नो ठाउँबाट विस्थापित हुनुपर्दा सबैभन्दा बढी मारमा परेको देखिन्छ । त्यस्तै, २०६७ सालमा स्थापना भई करिब ६ हजार विद्यार्थी दीक्षित भइसक्दा पनि आफ्नो नाममा जग्गा नभएको कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई पनि निकास दिनुपर्छ । २०७२ साल चैतमा गठित गीताभक्त जोशी नेतृत्वको समितिले दुवै विश्वविद्यालय बीचका समस्यालाई दुवै पक्षको लाभ हुने गरी समाधान गर्ने भने पनि १५ वर्षभन्दा बढी समयसम्म समस्याको समाधान हुन नसक्दा दुवै विश्वविद्यालयको स्रोत सम्बन्धी लामो नीतिगत विवाद र यसले कृषि शिक्षाको विकासमा पुऱ्याएको क्षतिबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय संवेदनशील हुनुपर्छ ।

२०८३ साल साउनको अन्तिम साता शिक्षामन्त्री सस्मित पोखरेल र चितवन क्षेत्र-१ का निर्वाचित प्रतिनिधिसभा सदस्य हरि ढकाल सहितको टोलीले रामपुर क्याम्पस, प्रस्तावित जग्गा तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयको समेत अनुगमन गरी समस्याको वस्तुगत विश्लेषण गरिसकेको छ । सर्वोच्च अदालतले २०७९ साल मङ्सिर १८ गते गरेको फैसला तथा नेपाल सरकारको २०७४ वैशाख ७ को निर्णय बमोजिम 'त्रिभुवन विश्वविद्यालयलाई चितवन जिल्लाको शक्तिखोर, जुटपानी र चैनपुरमा जग्गा र भौतिक संरचना निर्माण गर्न लाग्ने १५ करोड उक्त आदेश प्राप्त भएको ६० दिनभित्र दिनू' भनी फैसला भएकोमा नेपाल सरकारले उक्त निर्णय कार्यान्वयन नगरेकाले त्रिभुवन विश्वविद्यालयले रामपुर (चितवन) को जग्गा र हेटौंडाको वन विज्ञान क्याम्पसको जग्गा हस्तान्तरण गरेको छैन ।

दुईतिहाइ निकटको शक्तिशाली सरकारले उक्त विवादित मुद्दाका दुवै पक्षका सरोकारवालासँग समन्वय गरी नेपालको कृषि शिक्षाको सबलीकरणलाई केन्द्रमा राखेर सर्वोच्च अदालतको फैसलाको मर्मलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको समन्वयमा न्यायोचित हिसाबले यस विषयको निरुपण यथाशक्य चाँडो गर्नु आवश्यक छ ।

हाल हामी कृषि शिक्षाको नयाँ सत्रका लागि विद्यार्थी भर्ना गर्ने प्रक्रियामा छौं । त्रिभुवन विश्वविद्यालयले आङ्गिक क्याम्पसमा ३०० जना र सम्बन्धन प्राप्त क्याम्पसमा २५८ गरी जम्मा ५५८ जना, कृषि तथा वन विज्ञान विश्वविद्यालयको कृषि सङ्काय, रामपुरमा १६७ र अन्य आङ्गिक क्याम्पसमा गरी जम्मा ५८९ जना तथा सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान सङ्काय अन्तर्गत ११० जना विद्यार्थीका लागि आवेदन माग भइरहेको छ ।

त्यसबाहेक पूर्वाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय र मधेश कृषि विश्वविद्यालयले समेत कृषि स्नातक अध्यापन गराइरहेका छन् । सम्पूर्ण विश्वविद्यालयलाई हेर्ने हो भने करिब २२०० विद्यार्थीका लागि कोटा रहेको पाइन्छ भने सबैजसो कार्यक्रमको समानता पाइन्छ । देशको भौगोलिक अवस्था र आवश्यकता अनुसार कुनै पनि विश्वविद्यालय विशिष्टीकृत हुनसकेका छैनन् ।

गत वर्षलाई हेर्ने हो भने कृषि स्नातक विद्यार्थीको संख्यामा मात्रै पनि कृषि अध्यापन गराउने दुई प्रमुख विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय दुवैमा ४० प्रतिशतले कमी आएको देखिन्छ । विश्वविद्यालयको विकासमा विद्यार्थी भर्ना हुने संख्या र ती विद्यार्थी दीक्षित हुने अनुपातले महत्व राख्छ नै ।

त्यसबाहेक हामीले उत्पादन गरेका विद्यार्थीले कस्तो र कहाँ सेवा प्रदान गर्छन् भन्ने कुराले विश्वविद्यालयले दिने राष्ट्रिय विकासको योगदानमा महत्व राख्छ । विगत ७० वर्षको कृषि शिक्षाको इतिहासलाई हेर्ने हो भने हामीले विशेषतः सरकारी जागिरका लागि जनशक्ति तयार गरेका छौं भने धेरैजसो कृषि स्नातक दीक्षित विद्यार्थी विदेशिने गरेका छन् ।

कृषि शिक्षालयहरू आर्थिक रूपमा सरकारसँग मात्रै निर्भर हुनुहुँदैन । आफ्नै स्रोत र साधन तथा अन्य विश्वविद्यालय र विभिन्न निकायसँगको समन्वयमा व्यावसायिक खेती र अन्य स्रोतबाट आम्दानीको ढोका फराकिलो पार्नैपर्छ। त्यसका लागि कृषि क्षेत्र उद्यमसँग जोडिनुपर्ने हुन्छ ।

देशमा कृषि सम्बन्धी उद्योगको उचित विकास हुन नसकेको अवस्थामा नेपालको कृषि क्षेत्रलाई समयानुकूल परिवर्तन गर्दै कृषि क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ नेपाल सरकार, शिक्षा मन्त्रालय र त्रिभुवन विश्वविद्यालय समेतको अपनत्वमा नेपालकै पुरानो ऐतिहासिक क्याम्पस रामपुर क्याम्पसमा नेपालमै पहिलो पटक कृषि स्नातक तहमा 'कृषि व्यवसाय व्यवस्थापन तथा उद्यमशीलता' सम्बन्धी नयाँ कार्यक्रममा भर्ना खुलेको छ । यसले कृषि क्षेत्रमा उत्पादित जनशक्तिलाई कृषि व्यवसायी बनाउन यो कार्यक्रम कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ।

नेपालको पहिलो प्राविधिक विश्वविद्यालय र कृषि तथा वन विज्ञानको अध्ययन, अध्यापन, अनुसन्धान र प्रसारका सबै आयामलाई समेट्ने लक्ष्य राखेको कृषि तथा वन विज्ञान विश्वविद्यालयले आवश्यक गति लिन सकेको देखिंदैन। अनुसन्धानका लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय

*- बाँकी पृष्ठ ३ मा*

# सिर्जनाले गुञ्जियो जनता...

कप्तानहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा स्वेता साह, स्नेहा भण्डारी, प्रिन्स सिंह, प्रमेश महतो, निक्की यादव, रितु साह, कुशल अधिकारी, स्वेता पोखरेल, प्रभास भट्टराई, सौजल साही, बालकृष्ण साह, प्रियतम यादव, पुष्पाञ्जलि यादव, मधु सिंह र विपुल विद्रोहीलगायतले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए ।

नियमित रूपमा साहित्यिक कार्यक्रम आयोजना गर्दै आएको मञ्चले विद्यार्थीलाई आफ्नो प्रतिभा देखाउने र साहित्य सिर्जनामा सक्रिय हुने अवसर प्रदान गर्दै आएको छ ।

कार्यक्रमका अध्यक्ष घिमिरेले शृङ्खला सफल बनाउन सहयोग गर्ने शिक्षक, विद्यार्थी तथा साहित्यप्रेमी सबैलाई धन्यवाद दिँदै आगामी दिनमा पनि साहित्यिक गतिविधिलाई निरन्तरता दिने बताइन् ।

# कृषि शिक्षाको सात दशक...

स्थापनापछि सबलीकृत भएका केही संरचनामध्ये जैविक प्रविधि विज्ञानको प्रयोगशालामा रहेका करोडौंका उपकरण विद्युत्को सहज आपूर्तिको अभावमा संचालन हुन नसकेको उक्त विभागका प्राध्यापकहरूको भनाइ छ । कृषि तथा वन विज्ञान विश्वविद्यालय भनिए पनि उक्त विश्वविद्यालयमा वन विज्ञान विषय ओझेलमा परे जस्तो देखिन्छ । हेटौंडामा एउटै प्राङ्गणमा रहेका त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय बीच दाजुभाइको अंशबन्डा जस्तो किचलोका समाचार पत्रपत्रिकामा देखिएकै छन् । विश्वविद्यालयको विकास केवल कागजी होइन, यसको सही अर्थमा विकासका लागि कृषि, पशु विज्ञान र वन विज्ञानका अध्ययन, अनुसन्धान र प्रसारका क्षेत्रलाई एकीकृत गर्नु महत्त्वपूर्ण देखिन्छ । २०६७ सालसम्म त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा सीमित रहेको कृषि शिक्षा त्यसपछि द्रुत गतिमा बढ्दै गएर आठ वटा विश्वविद्यालय र ३६ भन्दा बढी क्याम्पसमा संचालन भएको पाइन्छ । देशको आवश्यकता र कृषि शिक्षाको नियमन गर्नका लागि कुनै पनि संयन्त्र नभएकाले त्यसको नियमनका लागि कृषि परिषद्को स्थापना गरी प्राज्ञिक परीक्षण जरुरी देखिन्छ । झाडी जस्तो देखिने विश्वविद्यालयको प्राङ्गण, खस्किंदै गएको विद्यार्थी संख्या, विवादमा रहेका विश्वविद्यालयका जमिन र पुराना संरचना तथा राजनीतिक धङधडीबाट बाहिर आउन नसकेका प्राध्यापक-कर्मचारीको मनोबलबाट माथि उठेर कृषि शिक्षाका समस्याको दीर्घकालीन समाधानका लागि विश्वविद्यालयहरूको सुधार गर्न सरकारको पहलकदमी रहोस् । भर्खरै नियुक्त भएका उपकुलपतिहरू र खासगरी त्रिभुवन विश्वविद्यालय तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपतिलाई सफलता मिलोस् भन्ने हाम्रो पनि शुभेच्छा छ ।

# औरहीमा चापाकल खरिदमा भ्रष्टाचार...

हजार ३१ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको छ ।

त्यसैगरी तत्कालीन इन्जिनियर सन्तोष कुमार यादव र सव-इन्जिनियर विपिन कुमार मण्डलविरुद्ध जनही २० लाख ४९ हजार ४ सय ५० रुपैयाँ तथा तत्कालीन जिन्सी शाखा प्रमुख शिव शंकर यादवविरुद्ध १५ लाख ६३ हजार ५ सय ८१ रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

उनीहरूबाट बिगो असुलउपर गरी कैद र जरिवानाको सजाय हुन माग गरिएको छ ।

कर्मचारीहरूसँगै मिलेमतो गरी गैरकानुनी लाभ लिएको भन्दै पाँचजना आपूर्तिकर्तालाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । औरही-१ स्थित लिला आयरन स्टोर्सका प्रोप्राइटर विनय कुमार यादवविरुद्ध ५ लाख ३४ हजार ८ सय ७६ रुपैयाँ ८१ पैसा र जलेश्वर-३ स्थित डि ।एम । जेनरल अर्डर सप्लायर्सका प्रोप्राइटर दुधनाथ कुमरविरुद्ध ११ लाख ८९ हजार ४ सय ७१ रुपैयाँ ३६ पैसा बिगो दाबी गरिएको छ ।

'मुख्य कसुरदारले गरेको भ्रष्टाचारजन्य कार्यमा मतिहार भई गैरकानुनी लाभ प्राप्त गरेको,' आयोगले आपूर्तिकर्ताहरूको हकमा भनेको छ, 'त्यसैले उनीहरूलाई पनि मुख्य कसुरदारसरह नै सजाय हुन मागदाबी लिएका छौँ ।'

यस्तै, जलेश्वर-३ कै श्री राम ईन्टरप्राइजेजका प्रोप्राइटर अमरनाथ कुमरविरुद्ध २ लाख २० हजार १ सय९७ रुपैयाँ ३६ पैसा, औरही-१ स्थित जैसवाल निर्माण सेवा (सिर्जना ट्रेडर्स) का प्रोप्राइटर रामबाबु चौधरीविरुद्ध ७ लाख ९ हजार ६ सय २३ रुपैयाँ ९२ पैसा र ललितपुरको बागडोलस्थित क्वालिटी सोलुसन कम्पनी प्रा ।लि ।का प्रबन्ध निर्देशक मनोज कुमार यादवविरुद्ध ७ लाख ११ हजार ९ सय रुपैयाँ बिगो कायम गरी सजायको मागदाबी गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

पत्रिका मागेर होइन
किनेर पढ्ने बानी बसालौं




# फेरियो सभामुखको शैली...

सन्तोष रायको शव कम्बोडियाबाट नेपाल ल्याउन नसकिएको विषय उठाइन् ।

एउटै विषय लिएर मन्त्री र सचिवको ढोका धाउनुपर्ने अवस्था आएको भन्दै उनले सरकारप्रति आक्रोश व्यक्त गरिन् । 'एउटा सांसदले एउटै कुरा लिएर मन्त्रीदेखि सचिवको ढोकाढोकामा धाएर कहिलेसम्म हिँड्ने ?', तामाङले भनिन् ।

उनले विदेशमा मृत्यु भएका नेपालीको शव तत्काल स्वदेश ल्याउने व्यवस्था गर्न सरकारसँग माग गरिन् ।

सोमबार सभामुखको कडाइ रास्वपाका सांसदप्रति पनि देखियो । रास्वपाका सांसद सुलभ खरेलले आकस्मिक समयमा पार्टीले सुरु गरेको 'क्यान्डिडेट क्लब'बारे जानकारी दिन थालेपछि सभामुखले उनलाई बीचमै रोके ।

खरेलले आगामी स्थानीय तह तथा प्रदेश निर्वाचनका लागि देशभरबाट योग्य, विज्ञ र ऊर्जाशील युवालाई उम्मेदवार छनोट प्रक्रियामा सहभागी गराउन पार्टीले क्यान्डिडेट क्लब संचालन गर्न लागेको बताएका थिए ।

उनले पार्टीले सुरु गरेको अभियानबारे जानकारी दिँदै त्यसका लागि धन्यवादसमेत दिएका थिए ।

तर, सभामुख अर्यालले आकस्मिक समयको उद्देश्यअनुसार उनको विषय नदेखिएको भन्दै बोल्न रोके ।

सभामुखले भने, 'माननीय सदस्यले आकस्मिक समय माग्नुभएको थियो । माननीय सदस्यको यो विषय कहीँ पनि आकस्मिक देखिँदैन । त्यसकारण बसौँ माननीय सदस्य ।'

प्रतिनिधिसभा नियमावलीको नियम १५ मा आकस्मिक, शून्य र विशेष समयको व्यवस्था छ । अघिल्लो बैठक र नयाँ बैठक सुरु हुने अवधिबीच भएको गम्भीर प्रकृतिको घटना वा विषयमा सरकारको ध्यानाकर्षण गराउन सदस्यले आकस्मिक समय माग गर्न सक्ने व्यवस्था नियमावलीमा छ ।

रास्वपाकी सांसद आशिका तामाङले पनि सोमबार आकस्मिक समयमा बोल्न खोजेकी थिइन् । तर, उनले उठाउन खोजेको विषय आकस्मिक नभएको भन्दै सभामुखले सुरुमा समय दिएनन् ।

सभामुखले पटकपटक बस्न आग्रह गरे पनि तामाङ उभिइरहिन् । त्यसपछि अर्यालले संसदको मर्यादा कायम गर्न सचेत गराउँदै भने, 'यो प्रतिनिधिसभा हो । यहाँको मर्यादा कायम गर्नुस् ।

मैले माननीय सदस्यलाई समय दिएको छैन, माइक पनि दिएको छैन । त्यस कारण माननीय सदस्यले एकोहोरो बोल्ने होइन ।' पछि सभामुखले उनलाई बोल्न समय दिएका थिए ।

पूर्वउपसभामुखसमेत रहेकी रास्वपा सांसद इन्दिरा रानामगरलाई पनि सभामुखले विषयकेन्द्रित भएर बोल्न आग्रह गरे । हजारौँ व्यक्ति जेल जान सक्ने विषय उठाउँदै गर्दा राना विषयभन्दा बाहिर गएको भन्दै सभामुखले उनलाई सम्झाएका थिए ।

**सभामुखमाथिको पुरानो आरोपबीच बदलिएको शैली**

रास्वपाको झन्डै दुईतिहाइ बहुमत रहेको प्रतिनिधिसभाबाट सभामुख बनेका अर्यालमाथि विपक्षी दलहरूले सुरुदेखि नै निष्पक्ष भूमिकामा प्रश्न उठाउँदै आएका छन् ।

सभामुखले पदीय जिम्मेवारीभन्दा रास्वपाको उपसभापतिको मानसिकताबाट काम गरेको आरोपसमेत विपक्षीले लगाउँदै आएका थिए ।

संसददेखि सामाजिक सञ्जालसम्म सभामुखको भूमिकालाई लिएर आलोचना भइरहेका बेला सोमबार भने उनको प्रस्तुति फरक देखियो । प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराउने विपक्षीको लामो समयदेखिको माग सम्बोधन गर्नुका साथै उनले आफ्नै दलका सांसदलाई समेत संसदीय प्रक्रिया र मर्यादा पालना गर्न रोके ।

यसले सभामुख अर्याल अब सदन संचालनमा प्रक्रिया र नियमलाई प्राथमिकतामा राख्न थालेको संकेत दिएको छ ।

यद्यपि, प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराउने रुलिङको कार्यान्वयनपछि मात्रै उनको पछिल्लो कदमले व्यवहारमा कति प्रभाव पार्छ भन्ने स्पष्ट हुनेछ । *साभार : सूत्र न्यूज*

# सत्ताकै जोडघटाउमा अल्झिएको मधेश...

टिकाउने दाउमा लागेको यस सरकारलाई जनताको अपेक्षा र चाहनासँग केही मतलब नै छैन ।'

जसपाका प्रदेशसभा सदस्य उपेन्द्र महतोले पनि केन्द्रको सत्ता समीकरणको प्रभाव प्रदेशमा पर्दा प्रदेशसभाको काम प्रभावित भएको बताए ।

'यो वर्ष प्रदेशसभाबाट हुनुपर्ने काम नहुनुको मुख्य कारण नै यही सत्ता भागबन्डा र हेरफेर हो,' उनले भने ।

**सभामुखसमेत महाभियोगबाट हटाइए**

मधेस प्रदेशसभाको राजनीतिक विवाद सभामुख पदमुक्तिसम्म पुगेको थियो । नेपालको इतिहासमै पहिलोपटक प्रदेशसभाका सभामुखलाई दुई तिहाइ प्रस्तावबाट हटाइएको घटना मधेसमा भयो । गत मंसिर ३ गते १०७ सदस्यीय प्रदेशसभाको बैठकले सभामुख रामचन्द्र मण्डललाई पदमुक्त गरेको थियो । दुई तिहाइका लागि ७२ मत आवश्यक पर्नेमा प्रस्तावको पक्षमा ७६ मत परेको थियो । मण्डलमाथि बर्दिबासको एक होटलमा एमाले नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउन चलखेल गरेको, विपक्षी दलका नेतामाथि कारबाही प्रक्रिया अघि बढाएको, सांसदहरूको किर्ते अनुपस्थिति र निष्कासन गरेको तथा एमालेको सरकार टिकाउन संविधानविरोधी काम गरेको लगायतका आरोप लगाइएको थियो ।

यता, प्रदेशसभाको खर्च भने कानुन निर्माणको तुलनामा ठूलो देखिन्छ । गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च भएको छ । सुशीला कार्की नेतृत्वको सरकार गठनपछि रोकिएको स्वकीय सचिवहरूको तलबसमेत यही वर्ष एकमुष्ट वितरण गरिएको थियो । जेनजी आन्दोलनका क्रममा भएको प्रदेशसभाको भौतिक क्षतिको पुनर्निर्माण भने प्रदेशसभाको बजेटबाट नभई भौतिक पूर्वाधार मन्त्रालयबाट भएको सूचना अधिकारी महतोले बताए ।

राजनीतिक विश्लेषक एवं बुद्धिजीवी रोशन जनकपुरी भने प्रदेशसभाको कमजोरीलाई संघीयताको असफलताका रूपमा व्याख्या गर्न नहुने बताउँछन् । संघीयताको मागका लागि मधेसमा भएको आन्दोलनको योगदान स्मरण गर्दै उनले अहिले मधेसकै राजनीतिक दलहरू संघीयतालाई बलियो बनाउनेभन्दा सत्ता स्वार्थमा केन्द्रित भएको बताए ।

'राजनीतिक दलहरू जनताप्रति प्रतिबद्ध नहुनु र आर्थिक लोभले ग्रस्त हुनु अहिलेको मुख्य समस्या हो,' उनले भने, 'संघीयतालाई मधेस प्रदेशले आफ्नो स्वामित्व हो भनी दाबी गर्नु र त्यसलाई दीर्घकालीन बनाउनुको साटो आफ्नो स्वार्थसिद्ध गर्नतर्फ लाग्दा अहिले बाटो बिराएको अवस्था छ ।' उनका अनुसार संघीयताले केही गरेन भन्ने भाष्य संघीयता विरोधीहरूको प्रोपोगान्डा हो । २० वर्षअघिको अवस्था र अहिलेको तथ्यांक तुलना गर्दा सबै क्षेत्रमा परिवर्तन आएको उनको भनाइ छ ।

यद्यपि अपेक्षाअनुसार काम हुन नसकेको उनले स्वीकार गरे ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# कामको नतिजाले तय गर्नेछ कर्मचारीको प्रोत्साहन भत्ता

द पब्लिक टुडे समाचारदाता

*गौशाला, भाद्र १ गते ।*

मधेश प्रदेश सरकारले कर्मचारीको उपस्थिति मात्रलाई प्रोत्साहन भत्ता वितरणको आधार नबनाउने गरी नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको छ । सरकारले कामको परिणाम र जिम्मेवारी निर्वाहलाई आधार बनाएर प्रोत्साहन दिने प्रणाली लागू गरेको हो ।

प्रदेश सरकारले 'कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको छ । नयाँ व्यवस्थाले कर्मचारीको नियमित हाजिरीसँगै वास्तविक कार्यसम्पादनलाई भत्ता पाउने मुख्य आधारका रूपमा तोकेको छ ।

नयाँ कार्यविधिअनुसार स्वीकृत दरबन्दीमा कार्यरत स्थायी कर्मचारीले सुरु तलब स्केलको १० प्रतिशतसम्म प्रोत्साहन भत्ता पाउनेछन् । तर भत्ता प्राप्त गर्न मासिक कार्यसम्पादन मूल्याङ्कनमा १०० मध्ये कम्तीमा ७५ अंक ल्याउनुपर्नेछ ।

कार्यसम्पादन मूल्याङ्कनमा पदीय जिम्मेवारीसँग सम्बन्धित कामका लागि ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाहका लागि ५० अंक छुट्याइएको छ ।

कर्मचारीले मासिक लक्ष्यसहित कम्तीमा पाँच मुख्य कार्यको प्रगति देखाउनुपर्ने व्यवस्था गरिएको छ । समयपालना, कार्यालयको लक्ष्य प्राप्तिमा योगदान, अभिलेख तथा प्रविधिमैत्री व्यवस्थापन, जिम्मेवारी फछ्र्यौट तथा सेवाग्राहीमैत्री व्यवहारलाई समेत मूल्याङ्कनको आधार बनाइएको छ ।

अर्थमन्त्री युवराज भट्टराईले हाजिर गरेकै आधारमा अतिरिक्त भत्ता दिने अभ्यास अन्त्य गरी काम गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न कार्यविधि ल्याइएको बताए । 'यसले कर्मचारीतन्त्रमा नतिजामुखी संस्कार विकास गर्नेछ । कार्यविधिले अगामी मंसिरदेखि विद्युतीय हाजिरी अनिवार्य गरेको छ । लामो समय काज, भ्रमण, तालिम वा बिदामा रहने तथा अनुशासन उल्लङ्घन गर्ने कर्मचारीलाई भत्ताबाट वञ्चित गरिनेछ' उनले भने ।

मूल्याङ्कनका लागि तीन सदस्यीय परीक्षण इकाई गठन गरिनेछ । मूल्याङ्कनमा चित्त नबुझे तीन दिनभित्र पुनरावलोकनका लागि निवेदन दिन सकिने व्यवस्था गरिएको छ । फर्जी हाजिरी वा झुट्टा विवरणबाट भत्ता लिए रकम असुल गरी विभागीय कारबाही गरिने कार्यविधिमा उल्लेख छ ।

नयाँ प्रणालीले कर्मचारीलाई केवल कार्यालयमा उपस्थित भएको आधारमा सुविधा उपलब्ध गराउने अभ्यासको सट्टा सेवा प्रवाह, जिम्मेवारी निर्वाह र कामको परिणामसँग प्रोत्साहनलाई जोड्ने नीति अघि सारेको छ ।

# सिर्जनाले गुञ्जियो जनता साहित्यिक मञ्चको शृखंला

नारायण घिमिरे

*बर्दिवास, भाद्र १ गते ।*

साहित्यप्रतिको रुचि बढाउँदै विद्याथीहरूभित्र लुकेको सिर्जनात्मक प्रतिभालाई उजागर गर्ने उद्देश्यले संचालन गर्दै आएको जनता साहित्यिक मञ्च गौरीडाँडाको ३२औं साहित्यिक शृङ्खला सम्पन्न भएको छ ।

सोमबार मञ्चकी अध्यक्ष रोजिना घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रम मञ्चको तल्लो सदनले आयोजना गरेको हो । कार्यक्रममा सहभागीहरूले कविता, मुक्तक तथा गीत प्रस्तुत गर्दै आफ्ना भावना, विचार र सिर्जनात्मक क्षमता प्रस्तुत गरेका थिए ।

कार्यक्रम संचालन मञ्चकी सचिव प्रतिष्ठा पौडेलले गरेकी थिइन् भने उपाध्यक्ष समीक्षा भण्डारीले सहभागीहरूलाई स्वागत गरेकी थिइन् ।




कार्यक्रममा अतिथि शिक्षक कुशल अधिकारीले विद्यार्थीको साहित्यिक क्षमता विकासमा जनता साहित्यिक मञ्चले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । उनले विद्यार्थीलाई पढाइसँगै साहित्यिक गतिविधिमा सहभागी गराउँदा उनीहरूको सोच्ने, लेख्ने र आफ्ना कुरा व्यक्त गर्ने क्षमता विकास हुने उल्लेख गर्दै कार्यक्रमले निरन्तरता पाउनुपर्नेमा जोड दिए ।

त्यसैगरी अतिथि शिक्षक रामचन्द्र पौडेलले विद्यार्थीको साहित्यिक सिर्जनामा मञ्चले दिएको अवसर प्रशंसनीय रहेको बताए । उनले विद्यार्थीको साहित्यिक प्रगतिलाई विद्यालयको समग्र प्रगतिसँग जोड्दै यस्ता कार्यक्रममा विद्यार्थीलाई सक्रिय सहभागी गराउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा विद्यालयका बाल क्लब, जुनियर रेडक्रस सोसाइटी, वातावरण क्लब तथा विद्यालयका

*- बाँकी पृष्ठ ३ मा*

# फेरियो सभामुखको शैली

राष्ट्रिय समाचार समिति

*गौशाला, भाद्र १ गते ।*

लामो समयदेखि विपक्षी दलहरूको अवरोध र दबाब झेल्दै आएको प्रतिनिधिसभा बैठकमा सोमबार सभामुख डोलप्रसाद अर्याल पहिलोपटक केही कडा र निर्णायक देखिए । उनले प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'लाई संसदमा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिन निर्देशन मात्र दिएनन्, सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूलाई पनि संसदीय मर्यादा र प्रक्रियाको पालना गर्न सचेत गराए ।

प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराउनुपर्ने माग गर्दै विपक्षी दलहरूले ७७ दिनदेखि गर्दै आएको अवरोध सभामुखको रुलिङपछि रोकिएको छ ।

अर्यालले प्रतिनिधिसभा नियमावली २०८३ का सम्बन्धित प्रावधानअनुसार प्रधानमन्त्रीलाई प्रश्नोत्तरका लागि सदनमा उपस्थित हुन निर्देशन दिएका हुन् ।

'माननीय सदस्यहरूले लामो समयदेखि नियम ५६ बमोजिम प्रधानमन्त्री वा प्रधानमन्त्रीको कार्यक्षेत्रसँग सम्बन्धित महत्वपूर्ण विषयमा प्रश्नोत्तरको माग गर्दै गर्नुभएको विरोधप्रति मेरो ध्यानाकर्षण भएकै छ', प्रधानमन्त्रीलाई रुलिङ गर्दै सभामुखले भनेका छन्, 'प्रतिनिधि सभाको बैठकमा उपस्थित भई नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० बमोजिम माननीय सदस्यहरुको प्रश्नको जवाफ दिन म सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्दछु ।'

नियमावलीअनुसार प्रत्येक महिनाको पहिलो हप्ताको एक दिन प्रधानमन्त्री प्रतिनिधिसभामा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्था छ । यही व्यवस्थाको कार्यान्वयन माग गर्दै विपक्षी दलहरूले लामो समयदेखि सदन अवरुद्ध गर्दै आएका थिए ।

प्रधानमन्त्री शाह चैत १३ गते प्रधानमन्त्री नियुक्त भएयता संसदमा नियमित रूपमा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिएका थिएनन् ।

जेठ १७ गते आकस्मिक रूपमा सदनमा उपस्थित भएर अभिव्यक्ति दिए पनि त्यसपछि प्रधानमन्त्रीलाई संसदप्रति जवाफदेही बनाउन विपक्षीले निरन्तर दबाब दिँदै आएका थिए ।



सभामुख अर्यालले प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउन यसअघि तीनपटक सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यकक्षमै पुगेर आग्रहसमेत गरेका थिए । सभामुखको सचिवालयका अनुसार उनले जेठ ७, साउन १३ र साउन २६ गते प्रधानमन्त्रीसँग भेट गरेका थिए ।

सोमबार सभामुखले रुलिङ गरेपछि विपक्षी दलका अधिकांश सांसद आफ्नो आसनमा फर्किए । लामो समयदेखि उठाउँदै आएको माग सम्बोधन भएको भन्दै उनीहरूले बैठक संचालन गर्न बाटो दिएका थिए । सभामुखको रुलिङपछि पनि केही सांसद तत्काल आसनमा नबसेपछि अन्य सांसदले 'मागअनुसार रुलिङ भइसकेको' भन्दै सम्झाएका थिए । त्यसपछि उनीहरू पनि आफ्नो स्थानमा बसेका थिए ।

सभामुख अर्यालले सोमबार सरकारलाई अर्को विषयमा पनि समयसीमा तोकेर जवाफ दिन निर्देशन दिए । विदेशमा मृत्यु भएका नेपाली नागरिकको शव स्वदेश ल्याउन भइरहेको ढिलाइबारे उनले सरकारसँग तीन दिनभित्र जवाफ मागेका हुन् ।

नेकपाका सांसद गोपाल शर्मा र रास्वपाकी सांसद आशिका तामाङले यस विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । शर्माले जाजरकोट भूकम्पबाट प्रभावित रुकुम, जाजरकोट र सल्यानलगायतका नागरिकका समस्याबारे यसअघि उठाएको प्रश्नको समेत सरकारले जवाफ नदिएको गुनासो गरे ।

'गत २२ गते मैले सरकारलाई नौ दिनको अल्टिमेटम दिएर कम्तीमा जवाफ देओस् भनेको थिएँ । अहिलेसम्म त्यसको जवाफ आएको छैन', शर्माले भनेका थिए । त्यस्तै, सांसद तामाङले धादिङका

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री